आज मिति २०८२/०३/२४ गते विहान ८:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी
४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल
५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल
६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.
७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की
८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी
९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर
१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर
११. कार्यपालिका सदस्य श्री मीना राना
१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य
१३. कार्यपालिका सदस्य श्री गोमा थापा
१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली
१५. कार्यपालिका सदस्य श्री गीता कौशल
१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल
१७. सदस्य सचिव श्री मणि प्रसाद खनाल
१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख
१९ ,, श्री तेजेन्द्र लामसाल

**प्रस्तावहरु :**

१. उपभोक्ता समितिबाट भएका कार्यहरुको भुक्तानी सम्बन्धमा,

२. विभिन्न समितिका निर्णय अनुमोदन सम्बन्धमा,

३. विविध ।

**निर्णयहरु:-**

| सि. नं. | विषयगत शाखा | निर्णय ब्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | योजना | (क) हार्थोक छहरा मोटरबाटो अन्तर्गत खौडेली चोक देखि पालिका भवनसम्म सडक खण्ड पिच गर्न मोटरबाटो पिच गर्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य सूचारु भएकोमा मौसमको कारणले कार्य सम्पन्न नहुने भएकोले हालसम्म भएको काम मध्ये पक्कि नलीको मुल्यांकन अनुसारको रकम र बेसको मूल्यांकनको ५०% रकम भुक्तानी दिने र उक्त बाटोमा पिच नगरेमा हाल सम्मको कामको औचित्य पुष्टि नहुने भएकोले आगामी आ.व.को कार्तिक मसान्त भित्र काम सक्ने गरी उपभोक्ता समितिको म्याद थप गर्ने र सम्झौता अनुसारको बाँकी बजेट सुनिश्चित गर्ने ।<br>(ख) देउराली शान्तिचौर ख्याहा सडक स्तरोन्नति अन्तर्गत शान्तिचौर जोगिथुम सडक खण्डको स्तरोन्नति गर्न उपभोक्ता समिति संग सम्झौता गरी कार्य सुचारु भएकोमा मौसमको कारणले कार्य सम्पन्न नहुने भएकोले हाल सम्म भएको कामको मूल्यांकनको आधारमा भुक्तानी दिने तथा आगामी आ.व.को कार्तिक मसान्त भित्र काम सक्ने गरी उपभोक्ता समितिको म्याद थप गर्ने र सम्झौता अनुसारको बाँकी बजेट सुनिश्चित गर्ने । | |
| २. | प्रशासन | मिति २०८२/०२/०९ गते गाउँपलिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षतामा रातो परियोजना सम्बन्धमा बसेको बैठकको निर्णय, मिति २०८२/०२/१८, २०८२/०३/१९, २० र २१ गते बसेको आर्थिक समितिको बैठकको निर्णय र मिति २०८२/०३/२१ गते बसेको आर्थिक विकास समिति र अनुगमन तथा मुल्यांकन समितिको संयुक्त बैठकको निर्णय तथा आ.व.०८१/०८२ को विभिन्न मितिमा बसेको अन्य सबै विषयगत समितिका निर्णयहरु अनुमोदन गर्ने । | |
| ३. | विविध | (क) जलेश्वर पर्यटन प्रवर्द्धनका लागि प्रकाशित दोश्रो ठेक्का (RRM/NCB/WORKS-16/081/082) मा कोष तथा लेखा नियन्त्रक कार्यालय तानसेन पाल्पाबाट भुक्तानीको लागि रकम निकासा नआउने सुनिश्चत भएकोले Standard bid-document को GCC Clause No. 72.5 र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा २(ख) बमोजिम सुविस्ताका आधारमा ठेक्का सम्झौता अन्त्य गर्ने । | |
| | | (ख)रिब्दीकोट कृषि परियोजना (RAP) अन्तर्गत CSA प्याकेज खरिदका लागि प्रकाशित ठेक्कामा जैविक विषादी रहेको र भुलवस सुचनामा विषादी बेच्ने इजाजतपत्र | |

पेश गर्नुपर्ने विषय छुटेकोले पछि खरिद प्रकियामा सहभागी भएका सबै शिलबन्दी दरभाउ पत्र दाताहरु सँग उक्त इजाजतपत्र माग गरिएकोमा चौथो Rank मा भएको फर्मले मात्र सो इजाजतपत्र पेश गरेकोले साझेदार संस्था REDA ले चौथो फर्मसँग सम्झौता गरी कार्य सम्पन्न भएको भनी साझेदार संस्था हेफर इन्टरनेश्नलबाट भुक्तानी माग भई आएकोमा सो साझेदार सस्थालाई भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(ग) रिब्दीकोट गाउँपालिका वडा नं ७ निवासी श्री सवाल सिंह वि.क. र आमा मिना कुमारी वि.क.को छोरा श्री मनोज वि.क.ले S.E.E., कक्षा ११ र १२ मा ४ जि.पि.ए अंक प्राप्त गरेको, हाल पुलचोक क्याम्पस ललितपुरमा सिभिल इन्जिनियरिङ्ग विषयमा ब्याचलर तहमा अध्ययन गरिरहेको र निजको घरको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले १ थान ल्यापटप उपलब्ध गराईदिनुहुन भनी वडा नं ७ को कार्यालयबाट सिफारिस भई आए बमोजिम निजलाई इन्जिनियरिङ्ग विषय पढ्न र काम गर्न मिल्ने ल्यापटप थान- १ उपलब्ध गराउने।

(घ) रिब्दीकोट गाउँपालिका वडा नं ५ निवासी श्री राम बहादुर नेपालीको गोठमा आगो- लागि भई गाई वस्तु समेत जली मृत्यु भएको र पारिवारीक आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले निजको गोठ पुनर्निमाण गर्ने क्रममा छानो छाउन जस्तापाता उपलब्ध गराईदिनुहुन भनी सम्बन्धित वडाको सिफारिस र प्रहरी मुचुल्का समेत पेश हुन आएकोमा निजलाई ३.५ बन्डल जस्तापाता उपलब्ध गराउने।

(ङ) जलेश्वर पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत जलेश्वरधाममा शिवजीको मुर्ति निर्माण कार्य सम्पन्न भएकोले सम्झौता बमोजिमको रकम भुक्तानी दिने।

(च) गाउँपालिका अन्तर्गत कार्यपालिका कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ संस्थाहरुमा करार/ज्यालादारीमा कार्यरत कर्मचारीहरुको करार सम्झौता म्याद २०८२ असार मसान्तमा समाप्त हुने भएकोले करार/ज्यालादारी सेवाको सम्झौता म्याद थप गर्न इच्छुक कर्मचारीहरुलाई मिति २०८२ असार मसान्त भित्र कार्यालयमा निवेदन पेश गर्न सुचित गर्ने।

(छ) कार्यपालिकाको कार्यालयलाई आवस्यक भएमा रिब्दीकोट -२ देउरालीमा अवस्थित नव आदर्श बहुमुखी क्याम्पसको भवन प्रयोग गर्न सकिने व्यहोराको क्याम्पसबाट प्रेषित पत्रको सम्बन्धमा जानकारी गरियो।

(ज) आ.व.०८१/८२ मा गाउँपालिकाबाट आव्हान गरिएको ठेक्का Upgrading of Bataase Pheka (RRM/NCB/WORKS – 07/081/082) को बतासे – सोमाहर – ठुला पोखरा सडक खण्डमा डिभिजन सडक कार्यालय पाल्पाबाट रु. ४ करोडको ठेक्का सम्झौता भई काम सन्चालनमा आएकोले गाउँपालिकाबाट आव्हान भएको ठेक्काको बाँकी काम बतासे - सोमहर– फेक सडक खण्डमा गराउने।